# दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.
# चापागाँउ, ललितपुर

## साधारण सभा सञ्चालन एवं निर्वाचन निर्देशिका – २०७६

**प्रस्तावना:**

संस्थाको शेयर सदस्यहरुको मताधिकार र निर्वाचित हुने अधिकारको लोकतान्त्रिक प्रयोग नै संस्थाको आधार स्तम्भ हो भन्ने तथ्यलाई हृदयङ्गम गरी सहकारी ऐन २०४८ बमोजिम स्थापित एवं संचालित यस दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्थाको साधारण सभाका लागि प्रतिनिधि चयन व्यवस्थित गर्न संस्थाको विनियम २०५७ परिच्छेद ७ को दफा ४९ को अधिकार प्रयोग गरि यो प्रतिनिधि चयन तथा प्रतिनिधि मूलक साधारण सभा सञ्चालन निर्देशिका २०७६ बनाई लागु गरिएको छ ।

१. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "ऐन" भन्नाले सहकारी ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "संस्था" भन्नाले दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. लाई सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले सहकारी नियमावली २०७५ तथा संस्थाको नियमावली, कार्यविधि र निर्देशिका समेतलाई सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. को संचालक समितिलाई सम्झनु पर्दछ ।

(ङ) "विनियम" भन्नाले दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. को विनियम २०५७ लाई सम्झनु पर्दछ ।

(च) "प्रतिनिधि चयन" भन्नाले दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. को साधारण सभा प्रतिनिधि चयनलाई सम्झनु पर्दछ ।

(छ) "साधारण सभा प्रतिनिधि चयन उपसमिति" भन्नाले साधारण सभामा भाग लिने प्रतिनिधि चयन गर्ने उपसमितिलाई सम्झनु पर्दछ ।

(ज) "प्रतिनिधि चयन संयोजक" भन्नाले साधारण सभामा भाग लिने प्रतिनिधि चयन गर्ने उपसमितिको संयोजकलाई सम्झनु पर्दछ ।

(झ) "मतदाता" भन्नाले संस्थाको निर्वाचन नीति बमोजिम मतदानमा भाग लिन योग्य सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ञ) "प्रतिनिधि चयन कार्यक्रम" भन्नाले अनुसूची–१ मा तोकिएको निर्वाचन कार्यक्रम सम्झनु पर्दछ ।

(ट) "उम्मेदवार" भन्नाले साधारण सभा प्रतिनिधि सदस्य पदमा दरखास्त मनोनयन गरिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ठ) "मतपत्र" भन्नाले अनुसूची– १० मा तोकिएको मतपत्रलाई जनाउँछ ।

(ढ) "तोकिए बमोजिम" भन्नाले प्रतिनिधि चयन उपसमिति वा निर्वाचन उप-समिति वा निर्वाचन संयोजक वा संचालक समितिले तोकेकोलाई जनाउँछ ।

(ण) "निर्वाचन" भन्नाले सहकारी संस्थाका अध्यक्ष तथा उपाध्यक्ष लगायत सञ्चालक समितिका सदस्य वा लेखा समितिका सदस्यहरुको निर्वाचन भन्ने सम्झनु पर्छ ।

(त निर्वाचन समिति भन्नाले यस संस्थाको सञ्चालक समितिले साधारण सभाबाट नयाँ कार्य समिति र लेखा समितिको निर्वाचन गराउनको निमित्त शेयर सदस्यहरु मध्येबाट चयन गरेको संयोजक र डिभिजन सहकारी कार्यालयको प्रतिनिधि सहितको सदस्य रहेको समितिलाई जनाउने छ ।

(थ) “निर्वाचन अधिकृत” भन्नाले सहकारी संस्थाले निर्वाचनका लागि तोकेको अधिकृत वा व्यक्तिलाई सम्झनु पर्दछ ।

द) ‘उप-समिति’ भन्नाले संचालक समितिले संस्थाको कार्य सम्पादनमा सहयोग पुऱ्याउन गठन गरिएको उपसमितिहरूलाई जनाउनेछ ।

ध) ट्रान्सफरमर उपसमिति भन्नाले संस्थाको कार्यक्षेत्रभित्रको निश्चित लोड सेन्टर (ट्रान्सफरमर) मा रहेका विद्युत उपभोक्ता तथा शेयर सदस्यहरुबाट ट्रान्सफरमर उपसमिति निर्देशिका अनुसार गठन भएको उपसमितिलाई जनाउँछ ।

न) वडा ट्रान्सफरमर समन्वय उपसमिति भन्नाले वडाभित्र गठन भएका ट्रान्सफरमर उपसमितिहरुको उपभोक्ता र शेयर सदस्यहरुको भेलाबाट गठन भएको समन्वय उपसमितिलाई बुझ्नुपर्दछ ।

## परिच्छेद–२

**२. इलाका भेला (इलाका सभा) सम्बन्धी व्यवस्था :**

संस्थाको साधारण सभामा प्रतिनिधि चयन तथा प्रतिनिधिमुलक साधारण सभा सम्पन्न गर्न संस्थाको कार्यक्षेत्रलाई भौगोलिक अवस्था हेरी नगरपालिका , गाउँपालिका, वडा र लोड सेन्टरलाई आधार मानी इलाका सभा केन्द्रहरु निर्धारण गरिनेछ । यसरी इलाका सभा केन्द्र निर्धारण भएको लोडसेन्टर अर्न्तगतका शेयर सदस्यहरुको उपस्थितिमा इलाका भेला गरिनेछ ।

१) प्रत्येक आ.व.को साधारण सभाको कम्तिमा ७ दिन अघि इलाका भेला (सभा) सम्पन्न हुने गरी देहाय बमोजिम कार्य गर्नु पर्नेछ ।

क) गत आ.व.को लेखा परीक्षण प्रतिवेदन उपर छलफल ।

ख) संचालक समितिको तर्फबाट प्रस्तुत हुने गत आ.व.को प्रतिवेदनहरु उपर छलफल ।

ग) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल ।

घ) संस्थाको वार्षिक कार्यक्रम एवं योजना उपर छलफल तथा सुझाव संकलन ।

ङ) आगामी वर्षको अनुमानित बजेट तथा कार्यक्रम उपर छलफल ।

च) विनियम संशोधन प्रस्ताव उपर छलफल ।

छ) साधारण सभा प्रतिनिधि चयन उपर छलफल ।

ज) संचालक समिति र लेखा तथा सुपरिवेक्षण समितिको निर्वाचनको लागि मतदान गर्ने

झ) अन्य आवश्यक विषयहरु उपर छलफल ।

२) इलाका भेलाबाट गत वर्षको कार्यक्रमको समिक्षा प्रतिवेदनहरु र आगामी वर्षको बजेट तथा कार्यक्रम पारित गरी आवश्यक सुझाव एवं संशोधन सहित पुन संचालक समितिमा पेश गर्नु पर्नेछ । तर इलाका भेला पश्चात हुने साधारण सभामा पेश हुने प्रस्तावहरुमा कुनै सुझाव तथा संशोधन गर्न आवश्यक नभएमा क्षेत्रिय भेलामा पेश भएको प्रतिवेदनहरु प्रतिनिधि मूलक साधारण सभामा पेश गर्न सकिनेछ ।

३) इलाका भेला तयारी उपसमितिको व्यवस्था :

इलाका भेला  संचालन हुने ३० दिन अगावै संचालक समितिले सचिवको संयोजकत्वमा ५ सदस्यीय इलाका भेला  तयारी उपसमिति गठन गर्नेछ । उक्त तयारी उपसमितिले भेला व्यवस्थित, मर्यादित  र अनुशासित रुपमा संचालन गर्न आवश्यकता अनुसार संस्थामा भएका सञ्चालक सदस्य, कर्मचारी एवं विभिन्न उप समितिहरुसँग सहयोग लिने र परिचालन गर्न सक्नेछ ।

४) इलाका भेला तयारी उपसमितिको काम कर्तव्य र अधिकार :

क) संचालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, वडा ट्रान्सफरमर समन्वय उप समिति, ट्रान्सफरमर उपसमिति र अन्य उप समितिहरुसंग आवश्यकता अनुसार समन्वय गरी भेला सुव्यवस्थित तवरबाट सम्पन्न गर्ने ।

ख) संचालक समितिको निर्णय तथा निर्देशन अनुसार परामर्श लिई कार्य गर्ने ।

ग) भेला सम्बन्धी आवश्यक प्रचार प्रसारको व्यवस्था गर्ने ।

घ) निर्वाचनको समयमा निर्वाचन उप समितिलाई आवश्यक सहयोग गर्ने ।

ङ) संचालक समिति प्रति उत्तरदायी र जिम्मेवार भई कार्य गर्ने ।

च) अन्य उप समितिहरुलाई समन्वय, आवश्यक निर्देशन तथा परिचालन गर्ने ।

छ) संचालक समितिको कार्य सुची अनुसारका प्रस्ताव पारित गर्ने र साधारण सभाका लागि प्रतिनिधि छनौट गर्ने ।

५) निर्णय तथा पुस्तिका लेखन :

१) इलाका भेलाको निर्णय पुस्तिकामा दस्तखत गर्न कम्तीमा ३ जना प्रतिनिधि भेलाबाट चयन गराउने ।

२) इलाका भेला सम्पन्न भएपछि समितिको बैठक बसी इलाका भेला बाट पारित भएका निर्णय, सुझावहरु उपर विस्तृत छलफल गरी सर्ब सम्मतबाट पारित गरी निर्णय पुस्तिकामा लिपीबद्ध गरी संचालक समितिमा पेश गर्ने ।

३) इलाका भेलामा प्राप्त सुझाव र व्यक्त भएका मन्तव्यहरुलाई रेकर्डको लागि लिपिबद्ध गरि प्रमाणित गराई संचालक समितिमा पेश गर्ने ।

४) इलाका भेलाको निर्णय, पारित बजेट तथा कार्यक्रम इलाका भेला  सम्पन्न भएपछि साधारण सभा भन्दा कम्तीमा ७ दिन अगाडी नै संचालक समितिमा पेश गर्ने मूख्य जिम्मेवारी इलाका भेला तयारी कार्यदलको हुनेछ ।

२. **साधारण सभा प्रतिनिधि चयन :**

क) संस्थामा आवद्ध शेयर सदस्यहरु मध्येबाट सदस्य संख्याको आधारमा इलाका भेलाबाट १० बराबर १ जना प्रतिनिधि साधारण सभाको लागि इलाका सभावाट चयन हुनेछन् ।

ख) प्रतिनिधि चयन गर्दा प्रत्येक लोडसेन्टर(ट्रान्सफरमर)बाट न्यूनतम एक जना प्रतिनिधि रहने गरी सदस्य संख्याको आधारमा सबै क्षेत्र, टोल, वर्गको प्रतिनिधित्व हुने गरी इलाका भेलाले प्रतिनिधि चयन गर्नेछ । र महिला सदस्यहरुको सहभागिताको आधारमा प्रतिनिधि चयनमा विशेष प्राथमिकतामा दिइनेछ ।

ग) चयन भएका प्रतिनिधिहरुको नामावली सम्वन्धित क्षेत्रको इलाका भेला बाट पारित गरी संचालक समितिमा पेश गर्नु पर्नेछ ।

घ) बहालवाला संचालक समिति, लेखा तथा सुपरिवेक्षण समिति, सल्लाहकार, विभिन्न उप समिति, निवर्तमान सञ्चालक र लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरु र कर्मचारीहरु(शेयर सदस्य भएका) स्वतः साधारण सभाको प्रतिनिधि हुनेछन् ।

ङ) साधारण सभा प्रतिनिधिको पदावधि सम्बन्धित साधारण सभा सम्पन्न नभए सम्म कायम रहनेछ ।

च) विशेष कारणवस छनौट भएका प्रतिनिधि रिक्त हुन गएमा सोही समूहबाट रिक्त रहेको पदमा मात्र पुनः प्रतिनिधि छनौट गरि पठाउनु पर्नेछ ।

**३. साधारण सभाको काम, कर्तव्य र अधिकार :**

संस्थाको विनियमको परिच्छेद ७ को दफा ३० मा उल्लेख भए अनुसार देहाय बमोजिम हुनेछ ।

**१. संचालक समिति र लेखा तथा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने ।**

**२. संचालक समितिका अध्यक्ष र लेखा तथा सुपरिवेक्षण समितिका संयोजकको राजिनामा स्वीकृत गर्ने ।**

**३. विनियम संसोधन प्रस्ताव माथि छलफल गरी अनुमोदन गर्ने ।**

**४. बजेट अनुमोदन गर्ने ।**

**५. सदस्य निस्कासन सम्बन्धमा संचालक समितिले गरेका निर्णयको अनुमोदन गर्ने ।**

**६. अध्यक्षले निर्णय गरेका विषयमाथी छलफल गरी अनुमोदन गर्ने ।**

**७. लेखा परीक्षकको नियुक्ती गर्ने ।**

**८. संचालक समितिको सिफारिस अनुसार लाभांस वितरणको निर्णय गर्ने ।**

**९. नियमित ऊर्जा वचत, आवधिक निक्षेप, ऋणको किसिम, विद्युतीकरण र सेवा सञ्चालन र सोमा बितरण गरिने व्याजको प्रतिशत अनुमोदन गर्ने ।**

**१०. संस्थाको आर्थिक तथा प्रशासनिक नियम अनुमोदन गर्ने ।**

**११. लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने ।**

**४. समय सीमा :**

आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र साधारण सभा सम्पन्न गरी सक्नु पर्नेछ ।

**५. प्रतिनिधिमूलक साधारण सभा संचालन :**

**५.१ बजेट तथा कार्यक्रम :**

क) प्रत्येक ग्राहक सेवा केन्द्रले वार्षिक बजेट तथा कार्यक्रम र योजना तर्जुमा गरी असार १५ भित्र संचालक समितिमा पेश गर्नु पर्नेछ ।

ख) सेवा केन्द्रबाट प्राप्त बजेट कार्यक्रम र योजनालाई सचिवले वार्षिक प्रतिवेदन तथा भावी कार्यक्रम र कोषाध्यक्षले वार्षिक बजेट तथा योजना तयार गरी संचालक समितिमा पेश गर्नु पर्नेछ । उक्त विवरण तयार गर्न कार्यालय प्रमुखले आवश्यक सहयोग गर्नु पर्नेछ ।

ग) रणनीतिक कार्यशाला गोष्ठीको व्यवस्था :

साधारण सभामा प्रस्तुत हुने बजेट, नीति  र कार्यक्रमहरु सम्बन्धी छलफल गर्न असार महिनाको २५ गते भित्र रणनीति कार्याशाला गोष्ठी आयोजना गरिनेछ । उक्त गोष्ठीमा तपसिलमा उल्लेखित पदाधिकारी तथा कर्मचारीहरु सहभागी हुनेछन् ।

अ) संचालक समिति

आ) लेखा तथा सुपरिवेक्षण समिति

इ) विभिन्न उप समितिहरु

ई) कार्यालय प्रमुख तथा विभागिय प्रमुख र सेवा केन्द्र ईन्चार्जहरु

घ) संचालक समितिले असार महिना भित्र बैठक बसी बजेट तथा योजना र अन्य एजेण्डाहरु पारित गर्नु पर्नेछ । यसरी पारीत भएको बजेट तथा योजनाहरु इलाका भेलामा पेश गर्नु पर्नेछ ।

ङ) इलाका भेला बाट प्राप्त सुझाव, संशोधित बजेट तथा कार्यक्रमलाई संचालक समितिले आवश्यक निर्णय सहित अनुमोदनको लागि साधारण सभामा पेश गर्नु पर्नेछ ।

### ५.२ निर्वाचन

क) साधारण सभाको निर्वाचन सञ्चालक समितिले तय गरे अनुसार निर्वाचन उप-समितिबाट कार्यतालिका अनुसार सम्पन्न गरिनेछ ।

ख) संचालक समिति र लेखा तथा सुपरिवेक्षण समितिको निर्वाचन प्रक्रिया अन्तर्गत सदस्यहरुबाट मतदान कार्यक्रम इलाका भेलाबाट १३ प्रतिनिधित्व गर्ने प्रतिनिधिबाट सम्पन्न गरिनेछ ।

ग) मत गणना तथा निर्वाचन परिणामको घोषणा साधारण सभामा गरिनेछ ।

घ) साधारण सभाका प्रतिनिधिहरु मात्र सञ्चालक समिति र लेखा तथा सुपरिवेक्षण समितिको उम्मेदवार हुन पाउनेछन् ।

## ६. साधारण सभा मूल तयारी समितिको व्यवस्था :

साधारण सभा संचालन हुने कम्तीमा १५ दिन अगावै संचालक समितिद्धारा संचालक पदाधिकारीको संयोजकत्वमा ५ सदस्यीय मूल तयारी समिति गठन गरिनेछ । उक्त मुल समितिले साधारण सभा व्यवस्थित मर्यादित  र अनुशासित रुपमा संचालन गर्न आवश्यकता अनुसार उप समितिहरुमा कार्य विभाजन सहित कार्यान्वयन गराउने व्यवस्था गर्नेछ ।

## ७. साधारण सभा मूल तयारी समितिको काम कर्तव्य र अधिकार :

क) संचालक समितिको निर्णय अनुरुप विभिन्न उप समितिसँग समन्वय गरी साधारण सभा सुव्यवस्थित तवरबाट सम्पन्न गर्ने ।

ख) संचालक समितिको निर्णय तथा निर्देशन अनुसार कार्य गर्ने ।

ग) साधारण सभा सम्बन्धी आवश्यक प्रचार प्रसारको व्यवस्था गर्ने ।

घ) निर्वाचनको समयमा निर्वाचन उप समितिलाई आवश्यक सहयोग गर्ने ।

ङ) संचालक समिति प्रति उत्तरदायी र जिम्मेवार भई कार्य गर्ने ।

च) उप समितिहरुलाई आवश्यक निर्देशन तथा परिचालन गर्ने ।

**८. अतिथिको व्यवस्था**

साधारण सभाको लागि प्रमुख अतिथि तथा अतिथिहरुको व्यवस्था संचालक समितिले गर्नेछ ।

**९. निर्णय पुस्तिका लेखन :**

१) निर्णय पुस्तिकामा दस्तखत गर्न १४ जना प्रतिनिधि साधारण सभाबाट चयन गराउने ।

२) साधारण सभा सम्पन्न भएको १ महिना भित्र संचालक समितिको बैठक बसी साधारण सभाबाट पारित भएका निर्णय, सुझावहरु उपर विस्तृत छलफल गरी टुङ्ग्याई निर्णय पुस्तिकामा लिपीबद्ध गर्ने ।

३) साधारण सभामा प्राप्त सुझाव र व्यक्त भएका मन्तव्यहरुलाई रेकर्डको लागि लिपिबद्ध गरि प्रमाणित गराई राख्ने व्यवस्था गर्ने ।

४) संस्थाले साधारण सभाको निर्णय तथा लेखा परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा साधारण सभा सम्पन्न भएको मितिले १५ दिन भित्र सचिव र कार्यालय प्रमुख अधिकृतले पठाई सक्नु पर्नेछ ।

**१०. समिक्षा तथा कार्यन्वयन गोष्ठी :**

१) साधारण सभा सम्पन्न भएको मितिले २ महिना भित्र संचालक समितिले समिक्षा तथा कार्यान्वयन गोष्ठी संचालन गरी तपसिलका कार्य गर्नेछ ।

क) साधारण सभामा पेश भएका एजेण्डा र प्राप्त सुझावको आधारमा पारित भई निर्णय भएका विषयहरुमा जानकारी गराउने र कार्यान्वयनको लागि निर्देशित गर्ने ।

ख) साधारण सभामा व्यक्त मन्तव्य र सुझाव संस्थाको ऐतिहासिक सम्पत्तिको रुपमा रेकर्डको लागि छिट्टै पुस्तिकामा लिपीबद्ध गरी रेकर्ड राखेको अवगत गराउने ।

ग) साधारण सभा सम्पन्न गर्दा भए गरेका विषयहरुमा समिक्षा तथा छलफल गर्ने ।

**११. बिशेष साधारण सभा**

संस्थाको सामान्य अवस्था बाहेक विशेष परिस्थितिमा विशेष साधारण सभा गर्नु परेमा संस्थाको विनियमको परिच्छेद ७. को दफा ३१. को परिधीमा रही तपसिल अनुसार कार्य गर्ने गराउने ।

१) विशेष साधारण सभामा प्रस्तुत गर्नु पर्ने एजेण्डाहरु सम्बन्धी पदाधिकारीहरुले तर्जुमा गरी संचालक समितिमा पेश गर्ने ।

२) संचालक समितिमा प्रस्तुत भएका एजेण्डाहरुलाई संचालक समितिको बैठकमा छलफल गरी रणनीतिक योजना सहित साधारण सभामा पेश गर्ने ।

३) विशेष साधारण सभा हुने मिति, समय र स्थान सहित १५ दिन अगावै सञ्चालक, लेखा तथा सुपरिवेक्षण समिति, अन्य उपसमितिहरु र प्रमुख कर्मचारीहरु सहितको गोष्ठी आयोजना गरी विशेष साधारण सभा गर्नु पर्ने परिस्थिति र एजेण्डा उपर विस्तृत छलफल गरी अन्तिम निष्कर्ष तय गर्ने ।

४) रणनीति कार्याशाला गोष्ठीमा निर्णय भएका विषयहरुलाई संचालक समितिको बैठक बसी साधारण सभामा पेश गर्ने एजेण्डाहरुको अन्तिम निर्णय गर्ने ।

५) तयारी मूल समितिको व्यवस्था :

क) विशेष साधारण सभा गर्नु पर्ने अवस्थामा साधारण सभा हुने कम्तीमा १५ दिन अगावै संचालक समितिले माथि उल्लेखित अनुरुप साधारण सभा तयारी मुल समिति गठन गर्नेछ ।

ख) विशेष साधारण सभाको हकमा अघिल्लो साधारण सभाका प्रतिनिधिहरु नै कायम रहनेछन् ।

## परिच्छेद –३

## प्रतिनिधिको योग्यता

***१२. साधारण सभा प्रतिनिधिको योग्यता :***

(१) सदस्यता प्राप्त गरेको कम्तिमा १ वर्ष पुरा भएको सदस्य हुनुपर्नेछ ।

(२) अन्य एकै प्रकृतिका सहकारी संस्थाको समिति उप समिति तथा कर्मचारीमा बहाल नरहेको हुनुपर्नेछ ।

(३) संस्थाबाट ऋण लिई १ वर्ष भन्दा बढी भाखा ननघाएको र नियमित बचत १ वर्ष भन्दा बढी बुझाउन बाँकी नरहेको हुनु पर्नेछ ।

(४) संस्थाको हितविपरित कार्य नगरे नगराएको ।

(५) फौजदारी अभियोगमा सजाय नपाएको तथा मानसिक सन्तुलन भएको ।

(६) आर्थिक अनुशासनमा रही संस्थाको कुनै बाँकी बक्यौता नरहेको ।

(७) विद्युत महसुल नियमित बुझाएको हुनुपर्ने छ ।

## परिच्छेद–४

## साधारण सभा प्रतिनिधि चयन कार्यक्रमको सूचना

**१३. प्रतिनिधि चयनको सूचनाः**

१) संचालक समितिले साधारण सभा प्रतिनिधि चयन गर्न संचालक समितिको उपसमितिका संयोजकको संयोजकत्वमा ३ सदस्यीय साधारण सभा प्रतिनिधि चयन कार्यदलको गठन गर्नेछ ।

२) ट्रान्सफरमर एवं वडा ट्रान्सफरमर समन्वय उप-समितिमा पत्राचार गरी प्रतिनिधि छनौट सम्बन्धी निर्णय इलाका/ट्रान्सफरमर वडा समन्वय उप-समितिबाटै गराईनेछ र निर्णयको प्रतिलिपि सहित मनोनित प्रतिनिधिहरुको मनोनयन फारम भरी प्रतिनिधि चयन कार्यदललाई बुझाउनु पर्नेछ ।

(३) ट्रान्सफरमर उप-समिति अर्न्तगत नरहेका नरहेका सदस्यहरुको हकमा प्रतिनिधि चयन कार्यदलले सम्बन्धित क्षेत्रमा उपस्थित हुन सदस्यहरुलाई पत्राचार वा सूचना दिनु पर्नेछ ।

(३) सदस्यहरुलाई प्रतिनिधि चयन सम्बन्धी सूचना तथा जानकारी गराउन सार्वजनिक सूचना प्रकाशित गराईनेछ ।

**१४. निर्णय उपर पुनरावेदनको व्यवस्थाः**

१) सञ्चालक समितिको निर्णय अनुसार सञ्चालक समितिका पदाधिकारीहरु मध्ये १ जना संयोजक रहेको ३ सदस्यीय पुनरावेदन उप समिति गठन गरिनेछ ।

२) प्रतिनिधि चयन कार्यदलको निर्णय उपर चित्त नबुझेमा १ दिन भित्र पुनरावेदन उप समितिमा औचित्य, कारण र आवश्यक प्रमाण सहित तोकिएको दस्तुर बुझाई आवेदन दिनु पर्नेछ ।

३) पुनरावेदन उप समितिले आवश्यक अध्ययन र विश्लेषण गरी २ दिन भित्र निर्णय दिनु पर्नेछ र सोको जानकारी संचालक समितिमा गराउनु पर्नेछ ।

## परिच्छेद–५

**उम्मेदवारको मनोनयन**

**१५. प्रतिनिधि मनोनयन-पत्र दर्ता** : (१) साधारण सभा प्रतिनिधि चयनमा मनोनयन हुन चाहने योग्यता पुगेको सदस्यले ***अनुसूची ४*** को ढाँचामा मनोनयन-पत्र दर्ता गराउन सक्नेछन् ।

**१६. प्रतिनिधिहरुको नामावली सूची प्रकाशन गर्ने** : प्रतिनिधिको लागि मनोनयन-पत्र दर्ता गर्ने समय समाप्त भएपछि कार्यदलको संयोजकले प्रतिनिधिहरुको नामावलीको सूची ***अनुसूची–६*** को ढाँचामा प्रकाशन गर्नु पर्नेछ ।

**१७. प्रतिनिधिले नाम फिर्ता लिन सक्ने** : (१) नियम १७ बमोजिम प्रकाशित उम्मेदवारको नामावलीको सूचीमा नाम समावेश भएको कुनै प्रतिनिधिले नाम फिर्ता लिन चाहेमा प्रतिनिधि चयन कार्यक्रममा उल्लेखित तोकिएको समयभित्र प्रतिनिधि चयन कार्यदल समक्ष ***अनुसूची– ८*** को ढाँचामा नाम फिर्ता लिने निवेदन दिन सक्ने छ ।

**१८. प्रतिनिधिको अन्तिम नामावली प्रकाशन गर्नु पर्ने** : प्रतिनिधि चयन कार्यक्रम बमोजिम उम्मेदवारको नाम फिर्ता लिने समय समाप्त भएपछि बाँकी उम्मेदवारहरुको नामावली सदस्यता नम्बर अनुसार ***अनुसूची – ९*** को ढाँचामा प्रकाशित गर्नु पर्नेछ ।

**१९. प्रतिनिधि छनौट भएको घोषणा** : साधारण सभामा प्रतिनिधि हुने पदहरुको लागि परेको मनोनयनपत्र रीतपूर्वक भै योग्य रहेको र सो पदमा तोकिएको संख्यामा मात्र प्रतिनिधिको नाम कायम रहेमा प्रतिनिधि चयन कार्यदलले निर्विरोध प्रतिनिधि छनौट भएको घोषणा गर्नेछ ।

## परिच्छेद– ६

**मतदान केन्द्र, मतपत्र र मतपेटिका**

२०. मतदान केन्द्र :

इलाका क्षेत्र, इलाका भेला हुने स्थान र मतदान केन्द्र सञ्चालक समितिबाट तय गरिनेछ ।

२१. निर्वाचन सम्वन्धी कागजात पेश :इलाकागत साधारण सभा प्रतिनिधि चयन सम्बन्धी कार्य समाप्त भए पश्चात साधारण सभा प्रतिनिधि चयन कार्यदलले सम्पुर्ण कागजातहरु र चयन भएको प्रतिनिधिहरुको नामावली प्रमाणित गरी संचालक समितिमा पेश गर्नु पर्नेछ ।

२२. यो निर्देशिका संचालक समितिले निर्णय गरेको मिति देखि लागू गरिनेछ ।

२३. यस निर्देशिकामा उल्लेखित कुनै बुदाँहरु अष्पष्ट भएमा वा कुनै प्रचलित कानून, संस्थाको विनियम तथा अन्य नीति निर्देशिका, ऐन नियमसँग बाझिएको अवस्थामा अन्तिम निर्णय सञ्चालक समितिले गर्नेछ ।

## साधारण सभा प्रतिनिधि चयन

**२४. मतदान, मतगणना तथा मत बदर हुने सम्बन्धी नियमहरु**

१. मतदान कार्यक्रम तोकिए बमोजिम हुनेछ ।

२. तोकिएको अवधि भित्र मतदाताको लाइनमा रहेको मतदाताले मतदान गर्न पाउनेछन् ।

३. मतदान क्षेत्रभित्र प्रतिनिधि चयन उप-समितिले तोकेको व्यक्ति बाहेक अन्य प्रवेश गर्न पाउने छैनन् ।

४. मतदान समयमा उम्मेदवारहरु प्रतिनिधि चयन उप-समितिले तोकेको स्थानमा रहनु बस्नु पर्ने छ ।

५. प्रतिनिधि चयन उप समितिलाई गरिदिनु पर्ने मुचुल्कामा सबै उम्मदेवार नभएमा पनि केहि उम्मेदवारको उपस्थिति वा निज पनि नभए २ जना मतदाता भएमा मान्य हुनेछ ।

६. मतदान गर्दा मतपत्रमा रहेको उम्मेदवारको नाम अगाडि रहेको कोष्ठमा ( √ ) चिन्ह दिएर मत संकेत गर्नु पर्नेछ ।

७. मतदान गर्न परिचय खुल्ने प्रमाण-पत्र लिएर आउनु पर्ने छ । मतदाताको विषयमा कुनै विवाद आएमा उम्मेदवारहरुको रोहवरमा साधारण सभा प्रतिनिधि चयन कार्यदलले विवादको निर्णय गर्नेछ । सो नै अन्तिम हुनेछ ।

८. मतगणना गर्दा साधारण सभा प्रतिनिधि चयन कार्यदलले तर्जुमा नियमको अधिनमा रहि गणना गरिने छ ।

९. निर्वाचन सम्वन्धी अन्य कुनै पनि विवाद आएमा प्रतिनिधि चयन कार्यदलले गरेको निर्णय मान्य हुनेछ ।

१०. दरखास्त साथ शेयर सदस्य परिचय पत्र वा शेयर प्रमाण पत्रको प्रतिलिपी, नागरिकता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

११ .आवेदन फाराम भर्दा आवेदकले मतदाता मध्येबाट एकजना प्रस्तावक र एकजना समर्थक अनिवार्य राख्नु पर्ने छ ।

## परिच्छेद ७

**२५. सञ्चालक समिति निर्वाचन कार्यविधि :**

सञ्चालक समितिको निर्वाचनको लागि सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिबाट प्रतिनिधिमूलक साधारण सभा प्रतिनिधि चयन प्रक्रिया पुरा गर्नुका साथै साधारण सभाको कार्य तालिकालाई पनि एक अर्कामा नबाझिने गरी तयारी गर्नुपर्नेछ ।

**३) सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिले पालना गर्नु पर्ने प्रमुख कुराहरु -**

क) मतदाता नामावली तयार गरी निर्वाचन समितिलाई उपलब्ध गराउने

ख) निर्वाचन हुनभन्दा ३ महिना अगाडीबाट शेयर निष्काशन कार्यलाई स्थगित गर्नु पर्ने

ग) शेयर सदस्यको शेयर खरिद मिति र आर्थिक कारोवारको वाँकी वक्यौताको विवरण तयार गरी निर्वाचन समितिलाई उपलब्ध गराउने

घ) संस्थामा तिर्न वाँकी रहेका सदस्यहरुलाई निर्वाचन हुने वर्षमा निर्वाचन हुनभन्दा एक महिना अगाडि ७ दिनको ङ) म्याद राखी वाँकी वक्यौता असुल गर्न पत्रचार गर्ने वा संस्थाको सूचनापाटीमा सूचना टाँस गर्ने । सञ्चालक समिति तथा उपसमितिको संख्या र विवरण तयार गरी निर्वाचन समितिलाई उपलब्ध गराउने

**४) उपसमितिहरुले पालना गर्नु पर्ने -**

क) संचालक समितिले सूचना दिएको ७ दिनभित्र उपसमितिबाट भएको गतिविधीहरुको लिखित जानकारी, वैठक संख्या र उपस्थिति विवरण सञ्चालक समितिलाई उपलब्ध गराउनु पर्ने

**५) सदस्यहरुले पालना गर्नुपर्ने -**

क) संस्थाबाट सञ्चालन गरेको वचत, ऋण, विद्युत सेवा तथा विद्युतीय सामग्रीको खरिदविक्रीको कारोवार नियमानुसार समयमा भुक्तानी गर्ने

ख) संस्थाबाट कुनै कामको लागि लिएको पेश्की कार्य सम्पन्न गरी तोकिएको समयमा फरफारक गर्ने ।

ग) संस्थाको नगद, जिन्सी, विद्युतीय संरचना संरक्षण गर्ने र गराउन सहयोग गर्ने ।

घ) संस्थाको सम्पति तथा विद्युतको अनाधिकृत प्रयोग (चोरी) नगर्ने र कसैले गरेको देखिएमा त्यसो नगर्न सल्लाह दिने र सोको जानकारी संस्थालाई तत्काल गर्ने ।

ङ) शेयर सदस्यले संस्थाको कार्यालयमा सम्पर्क राखी सूचना तथा जानकारी लिने दिने ।

च) शेयर सदस्य संस्थाले आयोजना गरेको मिटिङ, तालिम, गोष्ठी तथा साधारण सभामा सहभागी हुने ।

**६) सञ्चालक समिति तथा लेखा समितिको सदस्य पदहरुमा उमेदवार बन्नका लागि देहायको योग्यता पुगेको हुनु पर्नेछ ।**

क) संस्थाको नियम बमोजिम शेयर खरिद गरेको

ख) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको

ग) संस्थाको वचत तथा कर्जा कार्यक्रममा सहभागी भइ भाका ननाघेको

घ) विद्युत महसुलको वाँकी वक्यौता नभएको

ङ) संस्थाको हितमा कम्तीमा एक कार्यकाल उपसमिति/ट्रान्सफरमर उपसमितिमा काम गरेको वा शेयर सदस्य भएको कम्तीमा एक वर्ष पुगेको

**७) विविध**

क) सञ्चालक समिति तथा लेखा समिति वा अन्य कुनै उपसमितिहरुमा निर्वाचित सदस्यले विना सूचना लगातार ३ पटकसम्म वैठकमा अनुपस्थित भएमा उक्त पदबाट स्वतः खारेज हुनेछ र उक्त रिक्त पदमा वाँकी अवधिको लागि आउँदो साधारण सभाबाट पदपूर्ति गरिनेछ ।

ख) संस्थागत शेयर सदस्यको प्रतिनिधी सञ्चालक सदस्य पदमा निर्वाचन हुन निज प्रतिनिधीले न्यूनतम एक कित्ता शेयर लिएको हुनुपर्नेछ ।

ग) यस संस्थाबाट संस्थाको कर्मचारी सहयोगीको रुपमा तलव कमिशनमा काम गर्ने शेयर सदस्यले सञ्चालक समितिको कुनै पनि पदमा रही काम गर्न निजले गरी आएको पद (कमिसन/करार/तलव)बाट राजीनामा गर्नु पर्नेछ । तर सञ्चालक समितिबाट कार्यकारीको रुपमा नियुक्त ( अध्यक्ष/प्रवन्धक/कोषाध्यक्ष/सचिवलाई) व्यक्तिलाई यो नियम लागू हुने छैन ।

**८) अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा लेखासुपरिवेक्षण समिति संयोजक पदको लागि निम्न योग्यता भएको हुनु पर्नेछ ।**

१) सञ्चालक समिति तथा लेखा समितिको कुनै एक कार्यकाल पूरा गरेको ।

२) कार्यकाल अवधिभर वैठक संख्याको न्यूनतम ६० प्रतिशत वैठकमा उपस्थित भइ कार्य गरेको ।

३) दफा ६ मा उल्लेख गरिए अनुसार योग्यता पुगेका ।

**९) सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा लेखासुपरिवेक्षण समितिका संयोजक पदमा लगातार एउटै पदमा दुई कार्यकालभन्दा वढी उमेदवारी हुन पाउने छैन ।**

**१०) निर्वाचन कार्यविधी:**

सहकारी संस्थाको सञ्चालक समिति वा लेखा समितिको पदाधिकारीहरुको निर्वाचनको लागि १५ दिन अगावै कार्य समितिको बैठक बसी निर्वाचन समिति गठन गर्ने । निर्वाचन उपसमितिलाई सञ्चालक समितिबाट शेयर सदस्य, वैठकको उपस्थिती, वाँकी वक्यौता र पेश्की खुलेको विवरण उपलब्ध गराउने ।

**११) निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्ने :**

सहकारी संस्थाको सञ्चालक समिति र लेखा समितिको पदाधिकारीहरुको निर्वाचनको लागि कम्तीमा १५ दिन अगावै संस्थाको अन्तरिम कार्य समितिको बैठक बसी **अनुसूची १** को ढाँचा अनुसार निर्वाचनको सूचना प्रकाशन गर्नु पर्दछ ।

**१२) मतदाता नामावली प्रकाशित गर्ने :**

(क) निर्वाचन गराउने दिनको प्रारम्भमा **अनुसूची २** बमोजिमको ढाँचामा मतादाता नामावली प्रकाशित गर्नु र सो को मुचुल्का **अनुसूची ३** को ढाँचा बमोजिम राख्नु पर्छ छुटफुट भएको मतदाताको नाम थपघट गर्न निश्चित अवधिको म्याद दिई थपघट गर्नु पर्छ सो गरी सच्याइएको अन्तिम नामावली पुनः प्रकाशित गर्नुपर्छ ।

(ख) निर्वाचन शुरु गर्नु अघि उम्मेदवारहरुलाई प्रचार प्रसारको लागि केही समय उपलब्ध गराइने छ । निर्वाचन सुरु भएपछि प्रचार-प्रसार बन्द गर्नु पर्नेछ ।

**१३.**

(क) उम्मेदवारबाट दरखास्त लिने:

सहकारी संघ/संस्थाको उम्मेदवारको लागि दरखास्त दिन योग्यता पुगेको व्यक्तिले **अनुसूची ४** बमोजिमको ढाँचामा सञ्चालक समितिको सिफारिसमा निर्वाचन समितिले तोके अनुसारको दस्तुर राखी उम्मेदवारको दरखास्त दिनुपर्छ ।

(ख) उम्मेदवारको लागि दरखास्त दिंदा सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव एवं कोषाध्यक्षको प्रस्तवाक एवं समर्थक शेयर सदस्य तथा विद्युत ग्राहकबाट ५-५ जना हुनुपर्ने छ । र अन्य उम्मेदवारको लागि एक जना प्रस्तावक र एकजना समर्थकको सही भएको हुनुपर्छ । तर कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक वा समर्थक भएपछि अर्को उम्मेदवारको लागि सोही पदमा प्रस्तावक वा समर्थक बन्न पाउने छैन ।

(ग) मतदान अधिकृतले प्राप्त दरखास्त जाँच गरी उम्मेदवारहरुको नामावली **अनुसूची ५** बमोजिमको ढाँचामा तयार गरी सूचना प्रकाशित गर्नुपर्छ ।

(घ) उम्मेदवारको दावी विरोध र नाम फिर्ता लिन निर्वाचन उप-समितिबाट तोकिएका समयावधि बमोजिम हुनेछ । छोटो अवधिको म्याद दिनुपर्छ र त्यसपछि अन्तिम नामावली प्रकाशित गर्नुपर्छ ।

ङ) उमेदवारहरुबाट सर्वसम्मत गर्ने प्रयास भएमा निर्वाचन समितिले निश्चित समय उपलब्ध गराउनेछ ।

**१४) एक पदको लागि मात्र उम्मेदवार हुन पाउने : (कुनै एक व्यक्ति)**

एउटा निर्वाचनमा एक व्यक्ति एकभन्दा बढी पदको लागि उम्मेदवार हुन पाउने छैन ।

**१५) मतपत्रः**

निर्वाचनका लागि **अनुसूची ६** बमोजिमको ढाँचामा मतपत्र हुनेछ मतपत्रमा भएका कोठाहरु नपुग भएमा जति उम्मेदवारहरु हुन्छन् उति नै कोठा संख्या थप गर्दै लैजान सकिने छ ।

**१६. मतदान केन्द्रमा प्रवेश निषेधः**

निर्वाचन अधिकृत र निजले तोकेको व्यक्तिहरु बाहेक अन्य कुनै पनि व्यक्तिलाई मतदानकेन्द्रमा प्रवेश निषेध गरिनेछ ।

**१७. सदर वा बदर मतपत्रः**

(क) मत संकेत गर्दा आफूले मत दिन चाहेको उम्मेदवारको नामथर भएको कोठाभित्र पर्नेगरी रेजा लगाउनु पर्छ ।

(ख) दुई उम्मेदवारहरुको कोठाहरुमा पर्ने गरी रेजा लगाई २ मध्ये एकलाई मत दिएको हो भन्ने प्रष्ट नभएमा, मतपत्रमा रेजा नै नलगाएमा र निर्वाचन अधिकृतको सही नभएमा मतपत्रहरु बदर हुनेछ ।

(ग) एक उम्मेदवारको कोठामा रेजा लगाएको तर रेजा धर्काको टुप्पी दोस्रो उम्मेदवारको कोठामा छुन पुगेको भएता पनि मत संकेत भने एकै उम्मेदवारलाई गरेको हो भन्ने प्रष्ट देखिएमा त्यस्तो मतपत्र सदर मान्नु पर्छ ।

(घ) मतपत्र सदर वा बदर गर्ने बारे निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

**१८ प्रतिनिधि नियुक्त गर्न सक्नेः**

कुनै उम्मेदवारले आफ्नो तर्फबाट निर्वाचनको मतदान कार्यको रेखदेख गर्न उम्मेदवारको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यको लागि सहकारी संस्थाका सदस्यहरुमध्ये **अनुसूची ७** बमोजिमको ढाँचामा कसैलाई पूर्ण अधिकार दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ ।

**१९. मतपेटिकामा मतदान गर्ने :**

(क) मतदानको लागि एउटा वाकस वा स्थानीय रुपमा उपलब्ध कुनै बट्टालाई मतपेटिकाको रुपमा प्रयोग गर्न सकिने छ । मतदान शुरु हुनुभन्दा अघि उक्त रित्तो मतपेटिका उम्मेदवारहरु वा उनीहरुका प्रतिनिधि सामु खोलेर देखाई मत संकेत गर्ने गोप्य कोठाको बाहिर पट्टी सबैले देख्ने ठाउँमा राख्नु पर्छ ।

(ख) मतपत्रमा मत संकेत गर्नको लागि एउटा गोप्य कोठा वा ठाउँ बनाउनु पर्छ ।

(ग) मतदातालाई एक व्यक्तिः एक मतको आधारमा मात्र मत दिन लगाउनु पर्छ । मतदातालाई अरुको प्रतिनिधित्व गर्ने गरी मत खसाल्न दिन हुँदैन ।

(घ) मतदाताले निर्वाचन अधिकृतसँग मतपत्र लिई उक्त कोठामा गई मत संकेत गरी बाहिर आई उक्त मतपत्र मतपेटिकामा खसाल्नु पर्छ ।

(ङ) मतदान कार्य समाप्त भएपछि **अनुसूची ८** को ढाँचा अनुसार मुचुल्का खडा गर्नुपर्छ र त्यसपछि त्यसै ठाउँमा मतगणना गर्नुपर्छ ।

**२०. निर्वाचन परिणाम घोषित गर्ने:**

(क) निर्वाचनको परिणाम **अनुसूची ९** बमोजिमको ढाँचामा मुचुल्का तयार पारी उम्मेदवारलाई वा उनीहरुको प्रतिनिधिहरुलाई सही गराई घोषणा गर्नुपर्दछ ।

(ख) जुनसुकै पदको लागि जति उम्मेदवार खडा भएतापनि सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई विजयी घोषित गर्नुपर्छ ।

(ग) समान किसिमका एकभन्दा बढी पदको लागि निर्वाचन गर्दा जति पदको लागि निर्वाचन भएको हो त्यति पदसम्ममा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुलाई विजयी घोषित गर्नुपर्छ ।

**२१) गोलाहाली निर्णय गर्ने :**

मत गणनामा १ भन्दा बढी उम्मेदवारको मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गराई विजयी घोषित गर्नुपर्छ ।

**२२) निर्विरोध घोषणा गर्ने :**

उम्मेदवारको संख्या निर्वाचन गर्ने पदको संख्या भन्दा बढी नभएमा निर्वाचन अधिकृतले निर्विरोध विजयी भएको घोषित गर्नुपर्छ ।

**२३) परिचयपत्र दिने:**

निर्वाचनमा विजयी उम्मेदवारलाई **अनुसूची १०** बमोजिमको ढाँचामा परिचयपत्र दिनु पर्छ ।

**२४) कागजपत्र पेश गर्ने:**

मतदान कार्यको समाप्ति र विजयी उम्मेदवारको घोषणा गरी सकेपछि निर्वाचन अधिकृतले मतदान समबन्धी कागजातहरु संस्थाको कार्यालयमा पेश गर्नुपर्छ ।

# खण्ड १

## अनुसूची - १

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.
चापागाउँ, ललितपुर

निर्वाचन कार्यक्रम

(निर्वाचन निर्देशिकाको दफा ११ सँग सम्बन्धित)

| सि. नं. | विवरण | मिति | समय | कैफियत |
|---|---|---|---|---|
| १ | अन्तिम नामावलीको प्रकाशन | सोही दिन | | |
| २. | प्रचार प्रसारको लागि | सोही दिन | | |
| ३. | मतदान प्रारम्भ | सोही दिन | | |
| ४. | मतगणना प्रारम्भ | सोही दिन | | |
| ५. | निर्वाचन परिणामको घोषणा | सोही दिन | | |
| ६. | निर्वाचित सदस्यहरुलाई परिचयपत्र दिने | सोही दिन | | |

.................
निर्वाचन अधिकृत

नोट- समय अवस्था हेरी निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम बनाउन सकिन्छ ।

अनुसूची - २

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.
चापागाउँ, ललितपुर
मतदाता नामावली

(निर्वाचन निर्देशिकाको दफा १२क) सँग सम्बन्धित)

| सि.नं. | शे.स.नं. | मतदाताको नाम थर | उमेर | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

......................

निर्वाचन अधिकृत

मितिः-

स्थानः-

अनुसूची -३
दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.
चापागाउँ, ललितपुर

मतदाता नामावली प्रकाशित गरेको मुचुल्का

(निर्वाचन निर्देशिकाको दफा १२ सँग सम्बन्धित)

मिति ................सालमा हुने ललितपुर जिल्ला अन्तर्गत दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लिमिटेडको सञ्चालक समितिको सदस्य/अध्यक्ष/उपाध्यक्ष/ लेखा समितिको सदस्यको निर्वाचनको लागि यस सहकारी संस्था अन्तर्गतका मतदाता नामावली मिति ...............का दिन हाम्रो रोहवरमा ......................ठाउँमा टाँसेको ठीक साँचो हो ।

रोहवरको सही

१. ...............................

२. ...............................

३. ...............................

३. ...............................

४. .............................

नामावली टाँस गर्नेको सही...........

मिति.....................................

अनुसूची -४

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.
चापागाउँ, ललितपुर
उम्मेदवारको दरखास्त

.(निर्वाचन निर्देशिकाको दफा १३ सँग सम्बन्धित)

मितिः-.................

श्री निर्वाचन अधिकृतज्यू

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.

चापागाउँ, ललितपुर

महोदय,

ललितपुर जिल्ला .....................गा.वि.स/न.पा. ........................................नं. वडामा बसोबास भएको म .......................२०.......................................सालमा हुने यस सहकारी संस्थाको सञ्चालक समितिको सदस्य/अध्यक्ष/उपाध्यक्ष/लेखा समितिको सदस्यको पदमा उम्मेदवार हुन संस्थाको शेयर सदस्य/संचालक समितिको सदस्य/ भएको नाताले रु .......................।- दस्तुर संलग्न राखी यो दरखास्त पेश गर्दछु।

उम्मेदवारको विवरणः- नाम थर...........................

स्त्री/पुरुष..........................

शेयर प्रमाणपत्र नं./ .......

गा.वि.स.,वडा नं. र क्षेत्र......................

दस्तखत..............................

प्रस्तावकको विवरणः- नाम थर..............................

उमेर ...............................

स्त्री/पुरुष..........................

पिता वा पतिको नाम ..........

दस्तखत............................

समर्थकको विवरणः- नाम थर ...........................

उमेर ............................

स्त्री वा पुरुष .................................

दस्तखत........................................

संस्था/संघको कुनै बाँकी वक्यौता हिनामिना नगरेको भन्ने दाम काम गर्ने व्यवस्थापक वा अन्य सदस्यद्वारा प्रमाणित पत्र संलग्न छ।

अनुसूची - ५

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.

चापागाउँ, ललितपुर

उम्मेदवारहरुको नामावली सूची

(निर्वाचन निर्देशिका दफा १३ सँग सम्बन्धित)

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. को .........................पदको पूर्तिका लागि मिति......................हुने निर्वाचनमा उम्मेदवार हुन निम्नलिखित व्यक्तिहरुले दरखास्त दिनु भएकोले सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

| सि.नं. | शे.स.नं. | उम्मेदवारको नाम थर | उमेर | महिला/पुरुष | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

मितिः-

निर्वाचन अधिकृत

अनुसूची - ६

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.
चापागाउँ, ललितपुर
मतपत्र

(निर्वाचन निर्देशिकाको दफा १५ सँग सम्बन्धितं)

निर्वाचन हुने पदः-

| नाम थर | पद | चिन्ह |
|---|---|---|
| | | |
| | | |

.....................

निर्वाचन अधिकृत

अनुसूची - ७

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.
चापागाउँ, ललितपुर

मतदान तथा मतगणना प्रतिनिधिको नियुक्ति

(निर्वाचन निर्देशिकाको दफा १८सँग सम्बन्धित)

श्री ................

.....................

ललितपुर जिल्ला चापागाउँ गा.वि.स.वडा नं.६ स्थिति दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लिमिटेडको .......... ..... समितिको अध्यक्ष/उपाध्यक्ष/सदस्य प्रतिनिधिको निर्वाचनमा म .......................................उम्मेदवार भएकोले यस सहकारी संस्थाको निर्वाचन निर्देशिका २०६५ को दफा .... बमोजिम तपाई श्री ...................................लाई मेरो मतदान तथा मतगणना प्रतिनिधिको रुपमा नियुक्ति गरेको छ। तपाईले मेरो तर्फबाट उक्त निर्देशिकाको अधिनमा रही निर्वाचन प्रतिनिधिको रुपमा गरेको निर्वाचन सम्बन्धी काम कारवाइमा मेरो मञ्जुरी छ।

मितिः-

सही...........................

नाम....................... ...

ठेगाना .......................

उपरोक्त बमोजिम मतदान तथा मतगणना प्रतिनिधि हुन मञ्जुर गर्दछ
।

मितिः- (सही...........................

नाम....................... ...

ठेगाना बोधार्थ तथा कार्यार्थ

श्री निर्वाचन अधिकृतज्यू

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.
ललितपुर, चापागाउँ

यो नियुक्तिपत्रको बोधार्थ यस कार्यालयमा मेरो समक्ष दाखिल भएको हो।

मितिः-

सही.............................

मतदान अधिकृत

अनुसूची - ८

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.
चापागाउँ, ललितपुर

मतदान समाप्त भएको मुचुल्का

(निर्वाचन निर्देशिकाको दफा १९. सँग सम्बन्धित)

ललितपुर जिल्ला अन्तर्गत दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. को संचालक समितिको सदस्य/अध्यक्ष/उपाध्यक्ष/प्रतिनिधि/लेखा समितिको सदस्य पदमा भएको मतदान कार्य ..................बजे मिति..................मा शुरु भई ...................बजे सम्पन्न भएको ठीक साँचो हो ।

उम्मेदवार वा प्रतिनिधिहरुको सही

श्री.......................... .

श्री...........................

श्री...........................

श्री...........................

श्री...........................

श्री...........................

....................

निर्वाचन अधिकृत

अनुसूची - ९

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.

चापागाउँ, ललितपुर

मतगणना परिणाम मुचुल्का

(निर्वाचन निर्देशिकाको दफा २० सँग सम्बन्धित)

ललितपुर जिल्ला चापागाउँ गा.वि.स.स्थित दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. को ..................समितिको ...........................पदको निर्वाचनको मतगणना अनुसार मतदान भएको जम्मा ...............मत मध्ये .........................मत बदर भएको र ......................सदर मत मध्ये उम्मेदवारहरुले निम्न बमोजिम सदर मत प्राप्त गरेको हुँदा सोही बमोजिम घोषणा गरी यो मुचुल्का गरिदियौं ।

| उम्मेदवारको नाम थर | प्राप्त सदर मत | क्रम | विजयी | पराजित |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१. उम्मेदवार ..........................................को प्रतिनिधि श्री......................

२. उम्मेदवार ...........................................को प्रतिनिधि श्री......................

३. उम्मेदवार .....................................को प्रतिनिधि श्री......................

स्थानः-

निर्वाचन अधिकृत दस्तखत

मितिः-

अनुसूची - १०

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.

चापागाउँ, ललितपुर

परिचय-पत्र

(निर्वाचन निर्देशिकाको दफा २३ सँग सम्बन्धित)

ललितपुर जिल्ला चापागाउँ गा.वि.स.स्थित दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. का श्री ...............................मिति ....................मा भएको ..................पदको निर्वाचनमा ..............................मत प्राप्त गरी निर्वाचित हुनु भएकोले यो परिचयपत्र प्रदान गरिएको छ ।

......................
निर्वाचन अधिकृत

**खण्ड २**

**अनुसूची– क**) २

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,
चापागाउँ, ललितपुर

साधारण सभा प्रतिनिधि चयन निर्वाचन

**निर्वाचन कार्यक्रम**

**निर्वाचन हुने पद :**

१. मतदाता नामावली प्रकाशन : मिति ............................ बजे ।
२. मतदाता नामावली उपर दावी विरोध : मिति ........................... .बजेदेखि .. . . बजेसम्म
३. अन्तिम मतदाता नामावली प्रकाशन : मिति ............................ बजे ।
४. उम्मेदवारको आवेदन दर्ता : मिति .........................बजेदेखि . . . . . . बजेसम्म
५. उम्मेदवारको नामावली प्रकाशन : मिति ............................. बजे ।
६. उम्मेदवारको नामावली उपर दावीविरोध : मिति. . . . . ...........बजेदेखि . . . .. . बजेसम्म
७. दावीविरोध उपर छानवीन गरि उम्मेदवारको नामावली प्रकाशन : मिति. . . . . ............. बजे ।
८. उम्मेदवारको नाम फिर्ता : मिति. . . . . . . . . . .बजेदेखि . . . . बजेसम्म
९. उम्मेदवारको अन्तिम नामावली प्रकाशन : मिति. . . . . . . . . . . . . . . .बजे ।
१०. मतदान : मिति. . . . . . . . . . . बजे देखि . . . बजे सम्म
११.मतगणना : मतदान समाप्त पश्चात ।
१२.निर्वाचन परिणामको घोषणा : मतगणना समाप्त पश्चात ।

**अनुसूची–क**) २ दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,
चापागाउँ, ललितपुर

साधारण सभा प्रतिनिधि...........

**मतदाता नामावली**

**मितिः**

| **क्र.सं.** | **स. नं.** | **नाम थर** | **ठेगाना** | **उमेर** | **लिङ्ग** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूची–क) ३**
दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,
चापागाउँ, ललितपुर

**सधारण सभा प्रतिनिधि चयन :**
**मतदाताको अन्तिम नामावली**

**मितिः**

| **क्र.सं.** | **नाम थर** | **ठेगाना** | **पद** | **शे.सं. नं.** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

............................
**प्रतिनिधि चयन उप समिति संयोजक**

फोटो

**अनुसूची –क) ४**
दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,
चापागाउँ, ललितपुर

**मनोनयन पत्र**

मिति :

श्री साधारण सभा प्रतिनिधि चयन कार्यदल,
......................क्षेत्र
दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.
.............................

विषय : साधारण सभाको प्रतिनिधि छनौट हुन पाउँ ।

...............क्षेत्र अन्तर्गत.....................औं वार्षिक साधारण सभा प्रतिनिधि सदस्य पदको लागि हुने निर्वाचनमा म प्रतिनिधि हुन इच्छुक भएकोले यो आवेदन गर्दछु ।

साथै हाल म यस संस्था बाहेक कुनै पनि सहकारी संस्थाको समिति उप समितिको कुनै पनि पदमा एवं कर्मचारीको रुपमा कार्यरत नभएको र संस्थामा ऋणको भाखा ननघाई नियमित महसुल भुक्तानी एवं बचत गर्दै आएको समेत स्वःघोषणा गर्दछु । उल्लेखित कुराहरु झुठ्ठा ठहरिएमा निर्वाचित भएको पदबाट नियमानुसार बर्खास्त गरेमा मञ्जुर छ भनी यसै निवेदनबाट प्रतिवद्धता जाहेर गर्दछु ।

**आवेदक**
नाम थरः .............................
हस्ताक्षर : ................
सदस्यता नं. .................

**प्रस्तावक**
नाम थर : .............................
स.नं. : ............................
हस्ताक्षर : ....................

**समर्थक**
नाम थरः .............................
स.नं. : ................................
हस्ताक्षर : ..............................

**अनुसूची–क) ५**

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,
चापागाउँ, ललितपुर

..............क्षेत्रको निर्वाचन–...........
उम्मेदवारी दर्ता फाराम

**मितिः**

| **द.नं.** | **नाम थर** | **मतदाता सं.** | **प्रस्तावक** | **समर्थक** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

............................
**निर्वाचन संयोजक**

**अनुसूची–क)६**
दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,
चापागाउँ, ललितपुर

साधारण सभा प्रतिनिधि चयन ...........
**उम्मेदवारको नामावली प्रकाशन**

| द.नं. | नाम थर | मतदाता सं. | सदस्यता नं. | प्रस्तावक | समर्थक |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

..............................
**निर्वाचन संयोजक**

**अनुसूची–क)७**
**दावि विरोध पत्र**

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,
चापागाउँ, ललितपुर

श्री निर्वाचन संयोजक/उप-समिति/प्रतिनिधि चयन उपसमिति
................क्षेत्र.
उप समितिको कार्यालय .............................                                        मिति :

विषय : दावी विरोध सम्बन्धमा।

मिति . . . . . . . . . . . गते यस संस्थाको साधारण सभा प्रतिनिधि पदको लागि हुने निर्वाचनमा ......................... पदमा उम्मेदवार मनोनयन गर्ने उम्मेदवार दर्ता नं. ................ को श्री .................................... को ........................... ..........................................................कारण उक्त पदको लागि योग्य नभएकोले निजको उम्मेदवार खारेज गरी दिनु हुन आवश्यक प्रमाण थान................ यसै साथ संलग्न गरी  यो दावी विरोध पत्र पेश गरेकोछु। उल्लेखित कुराहरु झुट्ठा ठहरिएमा मेरो उम्मेदवारी  रद्द गरेमा समेत मन्जुर छ भनी यसै निवेदनबाट अनुरोध गर्दछु।

**आवेदक**

नाम थरः .............................

मतदाता क्रमसंख्या :................

हस्ताक्षर : ................

उम्मेदवार मनोनयन पत्र दर्ता नं. ............................

उम्मेदवार दिएको पद :......................................

**अनुसूची–क)८**

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,

चापागाउँ, ललितपुर

श्री संयोजकज्यू,

श्री साधारण सभा प्रतिनिधि चयन उप-समिति,

......................क्षेत्र

मिति :

विषय : मनोनयन पत्र फिर्ता सम्बन्धमा ।

मिति . . . . . . . . . . . . गते यस संस्थाको .................... क्षेत्र अन्तर्गत ................समुहबाट साधारण सभा प्रतिनिधिको लागि उम्मेदवार मनोनयन दर्ता गरेकोमा उक्त पदमा उम्मेदवार इन्छुक नभएकोले मेरो मनोनयन पत्र फिर्ता गरीपाऊँ भनी कसैको करकाप तथा दवावमा नपरी स्वेच्छिक रुपमा यो निवेदन पेश गरेकोछु ।

नाम थरः .............................

हस्ताक्षर : ................

उम्मेदवार मनोनयन पत्र दर्ता नं. ............................

उम्मेदवार दिएको पद :....................................

**अनुसूची–क)९**

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,

चापागाउँ, ललितपुर

..................................प्रतिनिधि चयन कार्यक्रम..........

**उम्मेदवारको अन्तिम नामावली**

| क.स. | सदस्यता | नाम थर | मतदाता | प्रस्तावक | समर्थक |
|---|---|---|---|---|---|

| | नं. | | क्रमसंख्या | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

..............................

**निर्वाचन संयोजक**

**अनुसूची–क)१०**

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,

चापागाउँ, ललितपुर

प्रतिनिधि चयन कार्यक्रमको निर्वाचन–........... मतपत्र

**मतपत्र**

| द.नं. | **स.नं.** | **उम्मेदवारको नाम थर** | मत संकेत |
|---|---|---|---|
| | | | ☐ |
| | | | ☐ |
| | | | ☐ |
| | | | ☐ |
| | | | ☐ |
| | | | ☐ |
| | | | ☐ |
| | | | ☐ |
| | | | ☐ |

..............................

**निर्वाचन संयोजकको सही**

**अनुसूची–क**)११ द

क्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,

चापागाउँ, ललितपुर

प्रतिनिधि चयन कार्यक्रमको निर्वाचन–...........

**मतपत्र**

| द.नं. | **उम्मेदवारको नाम थर** | मत संकेत |
|---|---|---|
| | | ☐ |
| | | ☐ |
| | | ☐ |
| | | ☐ |
| | | ☐ |
| | | ☐ |
| | | ☐ |
| | | ☐ |
| | | ☐ |

..............................

**निर्वाचन संयोजकको सही**

**अनुसूची–क**)

१२ दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,

चापागाउँ, ललितपुर

.............................. ..........

**मतपेटिका शिलबन्दी मुचुल्का**

आज मिति ...................................गते यस दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. को साधारण सभा प्रतिनिधिको लागि भएको निर्वाचन कार्यक्रम अन्तर्गत मतदान

कार्य सम्पन्न भै हामी उम्मेदवारहरु/ प्रतिनिधिहरु/मतदाताहरुको रोहवरमा मतपेटिका शिलबन्दी गरेको हो भनी यो मतपेटिका शिलबन्दी मुचुल्का गरि निर्वाचन उप-समितिको कार्यालयमा बुझायौं ।

उम्मेदवारहरु/प्रतिनिधिहरु/मतदाताहरुको नाम थर र सहि

**अनुसूची–क**) १३

दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि.,
चापागाउँ, ललितपुर

साधारण सभा प्रतिनिधि चयन कार्यक्रम...........

**मतपेटिकाको शिलबन्दी खुलेको मुचुल्का**

आज मिति ...............................गते यस दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी संस्था लि. को ......................क्षेत्र अन्तर्गत.............................. औं वार्षिक साधारण सभा प्रतिनिधि चयन कार्यक्रम अन्तर्गत मतगणनाको लागि बन्द मतपेटिका हामी उम्मेदवारहरु/मतदाताहरुको रोहवरमा खुले खुलाएको हो भनी भनी यो मतपेटिका शिलबन्दी खुलेको मुचुल्का गरि निर्वाचन उप-समिति/प्रतिनिधि चयन उपसमितिको कार्यालयमा बुझायौं ।

उम्मेदवारहरु/प्रतिनिधिहरु/मतदाताहरुको नाम थर र सहि